DATE:

आज २०७५ वैशाख ५ गते स्थानीय सरकार सञ्चालन ऐन. २०७४ को दफा ११ (२) (ङ) (४) मा भएको व्यवस्था अनुसार स्थानीय तह बीचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह ~~संयुक्त समिति~~ समन्वय समितिका ~~संयोजक~~ बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको संयोजकत्वमा तपशील बमोजिमको उपस्थितिमा संयुक्त समन्वय समितिको बैठक बस्यो।

## उपस्थिति

संयोजक, नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी, बेलबारी नगरपालिका

सदस्य, नगरप्रमुख श्री शिवप्रसाद ढकाल, सुन्दर हरैंचा नगरपालिका

सदस्य, नगर प्रमुख श्री दिलिप कुमार राई, पथरी शनिश्चरे नगरपालिका

सदस्य, नगर प्रमुख श्री खड्ग बहादुर फागो, उर्लाबारी नगरपालिका

सदस्य, नगरप्रमुख श्री शेखर राई, लेटाङ नगरपालिका

सदस्य, अध्यक्ष श्री शिवनारायण मांझी, ग्रामथान गाउँपालिका

सदस्य, अध्यक्ष श्री रोहित कार्की, केरावारी गाउँपालिका

सदस्य, अध्यक्ष श्री देवी आचार्य, मिक्लाजुङ, गाउँपालिका

## आमन्त्रित

उप-प्रमुख श्री धनमाया मगर, सुन्दर हरैंचा नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत, श्री गणेश प्रसाद दाहाल, बेलबारी न.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री पुरुषोत्तम घिमिरे, पथरी शनिश्चरे न.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री जीवन कुमार आचार्य, सुन्दर हरैंचा न.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री रविन्द्र बस्ती, उर्लाबारी न.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री पुन्य प्रसाद पौडेल, लेटाङ, न.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री प्रमोद कुमार चौधरी, ग्रामथान गा.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री डम्बरु बराल, केरावारी गा.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री नारायण प्रसाद पौडेल, कानेपोखरी गा.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री युवराज आचार्य, मिक्लाजुङ गा.पा.

प्रमुख प्रशासकीय अधिकृत, श्री प्रदीप साह, रतुवामाई न.पा.

लेखा अधिकृत श्री पिताम्बर बस्ती

कम्प्युटर अपरेटर श्री निरुप हुमागाई

कार्यालय सहायक श्री दिपक बाराइ

प्रमुख प्रशासकीय अधिकृतहरु रहेको कार्यदलबाट तयार भएको प्रतिवेदन आज संयुक्त समन्वय समितिको बैठकमा पेश गर्ई निम्नानुसार निर्णय गरियो।

DATE:

ज्ञानेन्द्र

निर्णय:

१. प्राकृतिक स्रोत र साधन अन्तर्गत प्रतिवेदनमा उल्लेख गरिएका नाकाहरुको व्यवस्थापनका लागि पहिचान गरिएका नाकाहरुको अतिरिक्त नयाँ पहिचान भएका नाकाहरुलाई समेत समावेश गरी आगामी आर्थिक वर्षको ठेक्का बन्दोबस्त गर्न IEE को प्रबन्ध मिलाउने।

नयाँ पहिचान भएका नाकाहरु

क. बेलबारी नगरपालिका - लोहन्द्रा खोला - शुक्रबारे, बेलचौरी, भेडा, नवसाल गौतमटोल र सिसौघारी (नयाँ नाका)

ख. पथरी शनिश्चरे नगरपालिका - डाँस खोला - त्रिवेणी-२, पशुपति बहर्नी, शनिश्चरे बजार पश्चिम (मसानी घाट) (नयाँ नाका)

ग. उर्लाबारी नगरपालिका - बक्राहा खोला - खोर्सानेबारी (विशालचोक) चारघरे नाका (शुभम चौक) डायफर्गेन र मेचे होम (नयाँ नाका)

माबा खोला - रम्पु नाका (नयाँ)

घ. मिक्लाजुङ गाउँपालिका - भावानुतसरी - (लोरीबारी खोलालाई नाम परिवर्तन)

मुगु खोला - चण्डालचोक (नयाँ)

ङ. ग्रामथान गाउँपालिका - लोहन्द्रा - मचौली, इटाम्हा शुक्रबारे (चालु नाका)

संयुक्त साझेदारीमा

क. लोहन्द्रा खोला - कालाबज्जार नाका (नयाँ) - सुन्दर हरैंचा - बेलबारी - ग्रामथान शुक्रबारे (नयाँ) बेलबारी - सुन्दर हरैंचा

ख. सुनझोडा - नयाँ मंगलबारे, भुर्सी खालबारी, कटहरे, पुलनाका ज्यानमोड, जनकटोल, बलुटोल र बासेचौरी - उर्लाबारी र पथरी शनिश्चरे न.पा.

२. दुई वा बढि पालिकामा पर्ने सडक उपभोग शुल्कमा एकरुपता कायम गरी अन्तर स्थानीय तहको समन्वयमा ठेक्का बन्दोबस्त, सडक मर्मत सम्भार र रकम बाँडफाँडको व्यवस्था गर्ने।

३. निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न पालिकाहरुको संयुक्त रुपमा गुणस्तर परीक्षण प्रयोगशाला र खाद्यवस्तु परीक्षणको लागि खाद्य परीक्षण प्रयोगशाला स्थापना गर्ने। प्रयोगशाला स्थापनाको लागि सुन्दर हरैंचा नगरपालिकाले स्थानको प्रबन्ध मिलाउने।

४. विपद् व्यवस्थापनको कार्यमा तत्काल बारुणयन्त्रको व्यवस्थापन आवश्यक भएको

ज्ञानेन्द्र

DATE:

सक्ने अवस्था छैन। सबै पालिकालाई सहज हुने गरी केन्द्रिकृत अवधारणामा जाने वा अलग अलग ठाउमा राखि संयुक्त व्यवस्थापन गर्न वातावरणमैत्री ल्याण्डफिल कार्यविधि तयार गर्ने।

५. फोहरमैला व्यवस्थापनको लागि आवश्यक ल्याण्डफिल साइटको संयुक्त अवधारणा अनुसार थप अध्ययन गरि प्रतिवेदन पेश गर्न बेलबारी न.पा. का प्रमुख ज्ञानेन्द्र सुवेदीको संयोजकत्वमा सुन्दर हरैचा न.पा. प्रमुख, पथरी शनिश्चरे न.पा. प्रमुख, उर्लाबारी न.पा. प्रमुख र कानेपोखरी गा.पा. पालिकाका अध्यक्ष सदस्य रहने गरी अध्ययन कार्यदल गठन गर्ने।

६. स्थानीय तहको कार्यसञ्चालनका लागि तत्काल कार्यविधि तथा नियमावली आवश्यक रहेको छ। निर्माण गर्नुपर्ने कार्यविधि तथा नियमावली / निर्देशिकाको प्राथमिकता निर्धारण गरी आवश्यक कार्यविधि र निर्देशिकाको मस्यौदा तयार गरी वैशाख महिनाभित्र छलफलको लागि संयुक्त समन्वय समिति को बैठकमा पेश गर्न पथरी शनिश्चरे नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृत सदस्य रहेको मस्यौदा तर्जुमा समिति गठन गर्ने। साथै राजस्वको दररेटमा एकरुपता कायम गर्न यसै समितिले अध्ययन गरी पेश गर्ने।

७. स्थानीय तह बीचका ठूला परियोजना, सडक व्यवस्थापन र पुल निर्माणको लागि सम्बद्ध स्थानीय तहले समन्वय गरी लागत अनुमान तयार गरी प्रदेश र केन्द्रीय संयुक्त रुपमा बजेट व्यवस्थापनको माग गर्ने।

८. नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले विद्युत तथा टेलिफोन लाइन प्रसारणको लागि जग्गा उपयोग गरेबापत उपयोग शुल्क बुझाउने व्यवस्थामा संयुक्त समन्वय समितिले नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकम सँग पहल गर्ने।

९ समावेशी मुद्दाहरुको कार्यान्वयनमा सबै पालिकाबाट साझा अवधारणा कायम गर्ने। लक्षित वर्गको बजेट (लैंगिक तथा समावेशी बजेट तर्जुमा) तर्जुमाको लागि साझा अवधारणा कायम गरी जाने।

१०. राष्ट्रिय सडक क्षेत्राधिकारलाई अनातिक्रम्य बनाउन देहायका काम गर्ने:

(क) ४२ फिट अतिक्रमण हटाई खुला गराउने,

(ख) सडक छेउमा रहेका रुखहरुमा एकै किसिमको रंग लगाउने,

(ग) सडक सफाइका लागि सबै साइज / रंगका डस्टबीन राख्ने.

(घ) आ. आफ्नो पालिकाको केन्द्रबिन्दुमा पर्ने राष्ट्रिय राजमार्गमा पालिकाको मुख्य मुख्य क्षेत्र देखिने गरी पालिकाको नक्सा राख्ने.

DATE:

(घ) आ. आफ्नो पालिकाको Brochure प्रकाशन गर्ने।

११. (क) जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि ~~र सिकाई~~ गर्ने संयुक्त रूपमा तालिममा नगरप्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र कर्मचारी (एक पालिकाबाट) ४ जनाको दरले सहभागी हुने। व्यवस्थापकीय पक्षको संयोजनका लागि प्रमुख प्रशासकीय अधिकृत रहेको समितिले आवश्यक गृह कार्य गर्ने।

११ (ख) सिकाई अनुभव आदान प्रदानको लागि विपद् व्यवस्थापन र फोहोर मैला व्यवस्थापनको अध्ययन र अनुभव हासिल गर्न स्वदेश विदेशका पालिकाहरुको अध्ययन अवलोकनको कार्यक्रम राख्ने।